CC-0. In Public Domain. Digitization by eGangotri

सारा - गोकुलचन्द
२०१७

कृण्वन्तो विश्वमार्यम् —वेद

नेपालको हिन्दू धर्म
र
आर्य संस्कृति

संपादक—
प्रो० जी० सी० शास्त्री
प्रमुख— संस्कृत र संस्कृति विभाग
त्रिभुवन विश्व विद्यालय, नेपाल

नेपालले हिन्दू स्वतन्त्रताको पताका ढलन नदिइकन हिंदू शक्ति स्वरूप
मोटीमा फहराइराख्यो । —वीर सावरकर

२४.५०९५४९६
२ा २४ तं

२०१७]

[मूल्य २० पैसा

CC-0. In Public Domain. Digitization by eGangotri

हिन्दूराज्य खड़ा गर्ने ठूलो नेपाली योजना

काजी अमरसिंह थापाले ख० पृथ्वी बिलासलाई सिख महाराजा रणजित सिंह छेउ काम गर्नलाई पठाएको पत्रः—

५. सवाल— खाल्सा सरकारको फौज जमुनाको किनारामा पुग्दा गोर्खा सरकारबाट १५ हजार फौज सामिल गर्नु । खाल्सा सरकारको फौज हरिद्वारमा पुग्दा गोर्खा सरकारबाट ३० हजारको फौज सामिल गर्नु । खाल्सा सरकारको फौज बरेलीमा पुग्दा गोर्खा सरकारबाट ६० हजार फौज सामिल गर्नु । खाल्सा सरकारको फौज लखनौमा पुग्दा १ लाख फौज गोर्खा सरकारबाट सामिल गरी गोर्खाका भारदार समेत सामिल रहनु ।

६. सवाल— दक्षिणी राजा दौलत राव सिन्धिया, मल्लार राव (होल्कर), मीरखाँ छेऊ गोर्खाका वकिल पद्मपाणी बसेका छन् । दक्षिणीहरूका पत्रमा गोर्खाको मदद गर्न्या र हिन्दुस्तानलाई उकास्न्या आफ्नु आफ्नु मतलब पुऱ्याउना बखत परिरहेछ। तिमीले पनि त्यताबाट काज गर्न्या हो भने हामीले पनि खाल्सा सरकारलाई खलिता पत्र लेखि वकिल पठाएको छ भन्या विस्तार लेखि जमानी अराई पठाएको शंकर पन्त यहाँ आई पुग्यो । मुख्य दक्षिणीको पनि सहारनपूर— बाउन्यामा सामिल होला । उस जग्गामा सामिल हुन आई पुगेन भन्या पनि गंगाजीका किनारमा सामिल होला ।

खाल्सा सरकारका र मराठाका सवार; गोर्खा सरकारका पैदल सिपाही, तोप, बन्दूक घना भयापछि त्यससंगका लड़ाइँमा परमेश्वरले पनि फतेह हिन्दूको नै गराउन् ।

७. सवाल— लखनौमा नवाफलाई अंग्रेजले दबाएको छ— अंग्रेज देखि दिक्कै छ— पछि नबाफ गोर्खा खाल्सा सरकारसंग सामिल हुनन्, उनले सामिल हुँदा भारी तोप, खजाना सामिल नवाफमा खत-पत्र राज्यमा पाइया पछि बनारस देखि

[बाँकी अन्तिम आवरण पृष्ठको बाहिर]

CC-0. In Public Domain. Digitization by eGangotri

२१४.५०१५४४८
ना २४८

५४५७

हिन्दूधर्मको विशेषता

—श्री ५ महेन्द्र

कोलम्बो २० मार्च १९५९ ।

श्री ५ महाराजाधिराजबाट प्रयुत्तरमा हुकूमे भयो:-

सभापति महोदय, महिला तथा सज्जनवृन्द,

संसारको एकमात्र स्वतन्त्र तथा पवित्र हिन्दूहरूको देश नेपालप्रति तपाईंहरूले व्यक्त गर्नु भएको श्रद्धा तथा सम्मानको उच्च भावनालाई हामी बहुतै सहाना गर्दछौं र तपाईंहरूको शुभेच्छा तथा आज यहाँ तपाईंहरूबाट भएको यस हार्दिक स्वागतको निमित्त हामी तपाईंहरूप्रति धन्यवाद प्रकट गर्दछौं ।

यो त सर्वविदितै छ कि हिन्दू धर्म संसारको सर्वश्रेष्ठ धर्ममध्ये एक हो । संसारको सुख, विश्व-शान्ति, मनुष्य मात्रमा भ्रातृभाव, क्षमता र असाम उदार भाव यस्ता महान तत्त्वहरू छन् , जसले हिन्दू धमलाई हजारौं वर्षदेखि अविभाज्य र अक्षुण्ण राखेका छन् । यस धर्मको खास महानता यो छ कि यसले विभिन्न धर्महरूलाई उही लक्ष्यमा पुग्ने भिन्न भिन्न पथहरू हुन् भनी मान्दछ र यसले कुनै धर्मको खिलाफ़ प्रचार गर्दैन । हामीहरू हिन्दू धर्मावलम्बी भए तापनि हामी भगवान् बुद्धको सम्मान गर्दछौं । यही एउटा कुरानै हिन्दू धर्मको महानताको यथेष्ट प्रमाण हो । हिन्दू धर्मको यो व्यापक गुण नै हरेक हिन्दूको निम्ति एउटा गौरवको कुरा हो र हाम्रो धर्मको व्यापकतालाई अक्षुण्ण राख्नु हरेक हिन्दूको कर्त्तव्य हो ।

CC-0. In Public Domain. Digitization by eGangotri

चिरकालदेखि स्वतन्त्र नेपालले हिन्दू धर्मको ज्वलन्त परम्परा तथा यसको संस्कृतिलाई आजसम्म संसारमा अकलुषित राखेको छ। हाम्रो निरन्तर प्रयास यही रहने छ कि यस धर्मको अभिवृद्धि तथा यसको महानतालाई सर्वत्र विदित गर्न सकेसम्म प्रयत्न गरौं। हाम्रो यो विश्वास छ कि प्रत्येक हिन्दूले यस कुरालाई पूर्ण समर्थन गर्नेछ र यसको प्राप्तिको निमित्त सामूहिक प्रयास गर्ने छ।

जय श्री लंका ! जय नेपाल !!

नेपाली संस्कृतिमा समन्वयवाद

—प्रो० ईश्वर बराल

नेपाल मुख्यतः हिन्दूराज्य होः– यसका विभिन्न समयमा तथा विभिन्न अञ्चलमा बौद्ध राजा पनि भए परन्तु मूलतः नेपाली समाजको जग हिन्दू संस्कृतिमा नै आश्रित छ, अतः नेपाली संस्कृतिलाई हामीले वैदिक संस्कृतिको आधारमा हेर्न सक्छौं। भारतको पनि संस्कृति मुख्यतः वैदिक नै हो, अतः नेपाल यस दृष्टिले भारतको सहचर बराबर हुँदै आएको छ।

भारतीय ऋषिहरूको समभाव नेपालको धार्मिक समन्वयमा स्पष्टतः प्रायोगिक हुन आएको छ। नेपाली जन जीवनमा सदा अद्वैतभाव नै रहेको छ। पाशुपत, वैष्णव, बौद्ध, शक्ति, तान्त्रिक आदि सबैको समन्वय यहाँ हामी पाउँछौं। धर्मको विभिन्न बाह्याचार तथा मूलधार, प्रकारान्तर तथा पक्षान्तरमा यहाँ कहिले पनि कलह भएको छैन। यहाँका बौद्ध राजा एक साथ पशुपतिभक्त, शक्ति-उपासक तथा विष्णु-सेवक

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्थे। हिन्दूहरूले पनि बौद्ध धर्मलाई अग्राह्य, त्याज्य तथा घृण्य कहिले पनि मानेनन्। सबै धर्मको प्रकारान्तर यहां धर्म छन्। "पशुपतिको ज्योतिर्लिङ्गको विविध देवरूप यस धार्मिक समन्वयको ज्वलन्त उदाहरण छ। सबैसंग विनाविरोध एक साथ बस्ने भावना उपनिषद्को निम्नोक्तिमात्रको अनुयायी छ।

सहनाववतु, सहनौ भुनक्तु, सह वीर्यं करवावहै।
तेजस्विनावधीतमस्तु, मा विद्विषावहै। ओं शान्तिः
शान्तिः शान्तिः

वैदिक आदर्श—

चर्मकारेभ्यो नमो, रथकारेभ्यो नमः, कुलालेभ्यो नमः, स्तेनानां पतये नमः, भनेर हामीलाई सार्की, सिकर्मी तथा कुमालेलाईमात्र नमस्कार गर्ने सिकाउँदैन परन्तु पांततहरूलाई पनि नमस्कार गर्न सिकाउँछ! रुद्रसूक्तमा यस प्रकार श्रमको जुन मूल्यांकन गरिएको छ त्यो कति गौरवमय छ। नेपालका मानिस पनि परिश्रमलाई अत्यधिक महत्त्व दिन्छन्। वहाँ भिख माग्नेको संख्या नगण्य छ। नेपालका अग्रगण्य राष्ट्रपिता पृथ्वीनारायण शाहले विभिन्न जातिको सैनिकलाई एक पंक्तिमा बसेर भोजन गरेमा जातच्युति नहुने घोषणा गर्नुभएको थियो। काठमाडौंको मन्दिर अस्पृश्यता निवारण गरेर समभाव फैलाउनका लागि नै स्थापित गरिएको थियो। नेपालका विभिन्न मठ र मन्दिरमा अन्त्यजर शूद्र जातिसम्म पनि पुजारी हुन्छन् र सब जातिका मानिस ती पुजारीसंग प्रसाद

CC-0. In Public Domain. Digitization by eGangotri

ग्रहण गर्दछन । "हिम शैल-मंडित, सुहिन्दुताश्रित अधिदेवता पशुपति प्रसादित" — इत्यादि राष्ट्र गीत, वैदिक साहित्यमा वर्णित चन्द्र- सूर्याङ्कित झण्डा नेपालको राष्ट्रिय झण्डा हो । वैदिक इन्द्रको तथा रुद्रको पूजा यहां अहिलेसम्म गरिन्छ । नेपालको पश्चिमाञ्चल बुद्रको जन्मस्थान हुनाले यो देश बौद्ध धर्मको मुख्य केन्द् भएर शताब्दीदेखि मानिएको छ । यस धर्मको आधारमा नेपाल र भारतको सांस्कृतिक सम्बन्ध सुदूर कालदेखि भैरहेको छ । फेरि भौगोलिक गठन पनि यस्तो छ कि सांस्कृतिक सम्बन्ध कुनै रूपमा प्रगाढतर हुदैनै रहन्छ । हिमालयको शृंखलाहरूबाट निक्लेका नदीहरू माला बनेर भारतमा समर्पित हुन्छन् । नेपालको हिमालय सुदूर कालदेखि भारतका निम्ति मुकुटको शोभा बनेको छ । जाग्रत् प्रहरीको समान हिमालयले आफ्नो कर्तव्यको सदादेखि पालन गरेको छ । भारतका अरू सीमाञ्चलमा विदेशी आक्रमण अनेक भए परन्तु हिमालयले उत्तरको तर्फबाट बिदेशी आक्रमणलाई शून्य गरिदिएको छ ।

ठूला ठूला ऋषिहरूले गौरवान्वित भएर जसरी 'दुर्लभं भारते जन्म' भनेथे त्यसैगरी नेपाली साहित्यका राष्ट्रकवि भानुभक्त आचार्यले 'बडो दुर्लभ जान्नू भरत भूमिको जन्म जनले' भनेर भारत र नेपाललाई एक सूत्रमा स्नेहाबद्ध जुन गरेको छ त्यो समग्र नेपालीको जिभ्रोमा झुण्डिएकोछ । भारतको तीर्थस्थल नेपालीको तीर्थस्थल हो र नेपालको तीर्थस्थल चाहिं भारतवासीहरूका लागि । नेपाल र भारतका विभिन्न राजवंशीहरूमा अनेक वैवाहिक सम्बन्ध सुदूरकालदेखि हुँदै आएका

CC-0. In Public Domain. Digitization by eGangotri

छन् । बुद्धको जन्मस्थान पश्चिम नेपालमा अशोकको आगमन हाम्रो देशका प्रति भारतको अमिट आदरभाव सनातन भएको छ । भारत स्थित बौद्धधर्मका अनेक तीर्थस्थल तथा विश्व विद्यालय नेपालीका निम्ति सुदरकालदेखि नै शुद्ध थिए र अहिले पनि ती तीर्थस्थलले नेपाल-भारत-मैत्रीको अक्षुराणता राखेका छन् । सुदर दाक्षिणात्यको पशपति मत नेपालले उसै किसिमले ग्रहण गरेको छ । मल्ल राजाको राजत्वमा तथा पश्चिम नेपालमा तान्त्रिकता तथा शक्ति पूजाको परम्पराले नेपाल र बंगाल तथा मिथिलाको सम्बन्धलाई अटूट बनाउदै आईरहेछ । काशीको विद्याकेन्द्र नेपालीका निम्ति अहिलेसम्म प्रमुख बनेको छ । यसै प्रकार नेपाल भारतीय बौद्धको निम्ति अध्ययन केन्द्र बनेको छ । मुगलानी भारतका प्रभावलाई पनि नेपालले आत्मसात् गरेको छ । शब्दावलीमा प्रशासनको संहितामा मुगलानी कालको फारसी भाषाको प्रचलन यसको प्रमाण छ । जसरी सैनिक अफिसर जङ्गी तथा निजामति अधिकारी हुन्थे, नेपालमा पनि त्यही क्रम थियो । यतिमात्र होइन मुगलानी दरबारी ढाँचाको दरदस्तूर, काइदा, तरीका, रङ्गढङ्ग पनि नेपालले अपनाएको छ । आंग्ल प्रशासनका दिनमा भारतका साथ नेपालको सम्बन्ध शासकको दृष्टिमा उति वाञ्छनीय थिएन परन्तु नेपालीहरूले ता आफ्नो सम्बन्ध भारतसंग कहिले पनि विच्छेद गरेनन् । भारत र नेपालको ऐतिहासिक क्रमिकता यस्तै अजस्र मैत्रीधारा छ जो सतत कलकूजित र झंकृत भइरहेछ । हिमालयको काखमा शताब्दीदेखि रहेको यो भूखण्ड नेपाल-भारत सांस्कृतिको अक्षय खानि भइरहेछ । भारतबाट विलुप्त

CC-0. In Public Domain. Digitization by eGangotri

भएका अनेक महत्त्वपूर्ण प्रामाणिक ग्रन्थ नेपालमा अहिलेसम्म सुरक्षित छन् ।

विभिन्न जातिले निर्मित, विभिन्न जलवायुले पोषित र पालित; विभन्न भाषाकुलका जातिहरूले आवासित, राजनीतिक परिवर्तनले परिष्कृत नेपालले ठूलो ठूलो दुर्दिन पनि हेर्नु पऱ्यो र सुदिन पनि । यस प्रकार विभिन्न जाति, भाषा, धर्म, सामाजिक आचार, जलवायु; अञ्चल इत्यादिको संमिश्रणले एक देश नेपालको निर्माण भएको छ । यी कुरामा नेपाल र भारतको एक प्रकारले समता आकारमा होइन, वरू फरक हामी पाउछौं ।

नेपाली सभ्यता समन्वयवादी छ । आर्य, अनार्य, मंगोल शताब्दी देखि यहाँ एक साथ रह दै आएका छन् । यस दृष्टिले नेपालले भारतको युग युगदेखि साथ दिंदै आएको छ । काठमाडौका मल्ल राजाले यहाँ ईसाई पादरीहरूलाई बस्ने स्वतन्त्रता दिएका थिए । उनीहरूले मुसलमानहरूलाई पनि यहाँ बस्ने र मस्जिद बनाउने अनुमति दिएका थिए, उनका दरबारमा मैथिली तथा बंगालका पण्डितहरूलाई स्थान दिइएको थियो र पृथ्वीनारायण शाहका पश्चात् पनि उनको विद्वत्ताको आदर गरियो र उनीहरूलाई नेपालका विभिन्न अञ्चलहरूमा बिर्ता पनि दिइएको थियो । वस्तुतः धर्मको विषयमा नेपालले कहिले कट्टरता लिएन । ईसाई पादरी धर्मको नाममा जब राजनीतिक कुचक्र खेल्न लागे तब पृथ्वीनारायण शाहले काठमाडौमा बसेका ईसाई पादरीहरूलाई निष्कासित गर्नु पऱ्यो । नेपालको एकीकरण हुनाले पूर्व

CC-0. In Public Domain. Digitization by eGangotri

पर्वताञ्चल तथा तराई अञ्चल, जहाँका पनि शासकहरूले धर्मको प्रति सबैले पर्याप्त उदारता देखाए, बौद्ध धर्मावलम्बी भएर पनि यहाँका राजाहरू आफूलाई पशुपतिभक्त वा विष्णु भक्त भन्दथे । मोरङ्गका राजाले आफूलाई हिन्दूपति भनेका छन् ।

नेपालमा भारतीय वास्तुकला तथा मूर्तिकलाको पनि पनि प्रभाव परेको छ । जसरी भारतमा विभिन्न शताब्दीमा शैली-मा विकास तथा परिवर्तन हुँदै रह्यो । नेपालमा पनि त्यसको प्रभाव परेको छ । आर्य मण्डपको शैलीमा नेपालीले आफ्नो घर बनाएका छन् । अशोकालीन बौध्द चैत्य नेपालमा आए र अहिलेसम्म वर्तमान छ । कुषाण समयका गान्धारमूर्तिकला, बाकाटकको समयका पशुपति तथा वैष्णव सम्प्रदायको मूर्तिका अनुकृतिमा यहाँ पनि अनेक मांत बने । यो शैलीको नमूना अहिले पनि पर्याप्त पाइन्छन् । वटधारी तथा सूयमुखी फूल हातमा लिएका र कुषाणवंशी राजाका परिधानमा सज्जित सूर्यका मूर्ति लकूलेश शैलीका शिवलिंग, गुप्त राजाद्वारा प्रचारित भागवत सम्प्रदायका विष्णु तथा गरुड, तान्त्रिक सम्प्रदायका अनेक हिन्दू तथा बौद्ध देव-देवीको मूर्ति, दक्षिण भारतको एलोरा गुफाको शैलीको मूर्ति इत्यादि शैलीहरूको परम्परा यहां पनि आएको छ । जङ्ग बहादुर राणाले बनाएको कालमोचन घाटस्थित जंग-हिरण्य मन्दिर राजपूत शैलीमा छ । तेह्रौं तथा चौधौं शताब्दी मा मुसलमानको आक्रमणले भारतमा मूर्तिकलाको ह्रास हुन गयो परन्तु नेपालमा यस कलामा कहिले पनि शिथिलता देखिएन । यस-प्रकार चौधौं शताब्दीदेखि भारतीय प्रभाव नेपालमा परेन ।

CC-0. In Public Domain. Digitization by eGangotri

मुगल कालको प्रति यहांका मानिसहरूले कुनै चाख लिएनन्। मुगलकालको शैलीको यहां अभाव छ। यहाँ बनेका अनेक मूर्ति अहिलेसम्म सद्य नवीन देखिन्छन्।

नेपालको हिन्दू र बौध्द धर्ममा अभिन्नता

—प्रो० नयराज पन्त

नेपालमा हिन्दू बौद्ध भनी भेद गर्ने लक्षण पाउन सकिदैन। एउटा घरमा बौद्धशैव थिए। विक्रमका ५ शताब्दीका नेपालका लिच्छवि राजा वृषदेव बौद्ध थिए। उनका सन्तान राजा द्वितीय जयदेव पशुपतिका भक्त थिए। वृषदेवका पनाति राजा मानदेवले चाँगु नारायणको पूजा गरेको र वि.सं. ५२४ मा वामन मूर्ति स्थापना गरेको उनका अभिलेखबाट स्पष्ट छ।

विक्रमका सातौं शताब्दीका प्रसिद्ध राजा अंशवर्माले आफूलाई पशुपति पाउको अनुग्रह पाएको भनी लेखेका छन्।

अंशुवर्माले वि० सं० ७२५ को अभिलेखमा पशुपति चाँगुनारायण तथा अनेक विहारहरूको पनि पूजा भाग नियत गरेका छन्।

विक्रमका आठौं शताब्दीका नेपालका लिच्छवी राजा नरेन्द्र देवको कम्मर पेटीमा चीनिया राजदूत वाङ हुएन्चेले बुद्धको मूर्ति देखेथे। नरेन्द्रदेवले आफ्नो अभिलेखमा आफूलाई पशुपतिका पाउको अनुग्रह पाएका भनी लेखाएका पनि छन्।

वि० सं० १४१६ को दुल्लुका राजा पृथ्वी मल्लको अभिलेखमा साक्षी बस्ने देवताहरू ब्रह्मा, विष्णु, महादेव तथा बुध्द धर्म संघ पनि परेका छन्।

CC-0. In Public Domain. Digitization by eGangotri

वि० सं० १४२६ को स्वयम्भूको अभिलेखमा राजा राजदेवलाई दुवै धर्म मान्ने भनी लेखिएको छ ।

विक्रमको अठारौं शताब्दीमा कान्तिपुरमा राजा प्रताप मल्ल आफूलाई रामचन्द्रका संतान भन्दथे । आफ्नो झण्डा-मा हनुमान राख्तथे । पशुपतिका पाउको धुलोले मेरो कपाल फुस्रो भएको छ भन्दथे । उनले स्वयम्भूमा वज्र, मण्डल अनेक देवता पनि स्थापना गरेथे । सिरमौनगढ़े मल्लहरू धर्मको विषयमा प्रताप मल्लकै मनोवृत्तिका थिए ।

यताघाट हिन्दू र बौध्दको लक्षण छुट्याउन हामीसंग साधन रहेन भन्ने स्पष्ट हुन्छ ।

श्री ५ पृथ्वी नारायण शाहले कीर्तिपुर विजय गरे पछि त्यहाँ बौद्धपूजा निमित्त गुठी राखेथे ।

आजभोलि ब्राम्हण आदि पनि गुभाज्यूलाई बोलाई घरमा शान्ति स्वस्ति गराउंछन् । यस्तै उताबाट पनि हुन्छ । नेपालमा पशपति र स्वयम्भू प्रख्यात भएका हुनाले हिन्दूहरू-लाई शिव मार्गी र बौद्ध मार्गी भन्द छन् । साम्राज्यवादी-हरूको नीतिले गर्दा भारतमा हिन्दू र बौद्ध भेद हुन गयो । यस्तो नेपालमा छैन । (इतिहास प्रकाशबाट)-

पशपति नाथका मन्दिरनेर विष्णुनेर वामनका मूर्ति र एउटा घोडाको मुख भाग देखिन्छ । राजा मानदेवले यो स्था-पना गरेको हो। हिन्दू र बौद्धमा फाटो पार्ने निमित्त वामनको मूर्तिलाई किराती राजा थुंकोको मूर्त्ति र घोडा चाही अशोकले बुद्धको जन्मस्थान लुम्बिनीमा स्थापना गरेको शिलास्तम्भबाट किराती राजा थुंकोले खसालेको भनी श्री केशर बहादुर के. सी. ले लेख्नु भएको छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

यसबाट बुद्ध भगवान्को स्मृतिमा राखेको चिन्हलाई समेत तोडने थुंको बौद्ध धर्मका विरोधी देखिन् आउंछन् । मानदेव राजाले यस्तो थुंकोको स्मृति चिन्ह राखे। यसकारण राजा मानदेव पनि बौद्ध धर्मको विरोधी देखिन्छन् । यो कुरा गलत हो । राजा मानदेवले जहाँ भगवान् विष्णुको वामनावतारको मूर्तिको स्थापना गरे वहां उनले मानविहारको स्थापना गरेर बुद्ध धर्मको उत्तिकै आदर गरेका छन् ।

स्वयं राजा मानदेवले " आफ्नो आमाको पुण्य बढोस् भन्ने उद्देश्यले विष्णु भगवान् वामनको मूर्ति स्थापना गरे " भनी स्पष्टसंग लेखेका छन् । किराती राजा थुंकोले अशोकस्तभको घोडा खसालेको कल्पना लेकको नासमझ हो । (हेर्नुहोस् इतिहास-संशोधन—सं० ५. —ले० धनवज्र र ज्ञानमणि)

नेपालमा हिन्दू र बौद्धमा फाटो पार्ने असफल प्रयत्न

प्रोफेसर चूडानाथ भट्टराय

नेपाल हिन्दू धर्मको गढ हो । यहाँ हिन्दू र बौद्धमा भेद छुट्याउन गाह्रो छ । नेपालमा शैव र बौद्ध दुइटा हिन्दू धर्मका अङ्ग जस्तै हुन् । यहाँ शैव र बौद्धको धार्मिक कलह छैन । नेवार राजाको स्वयम्भू र पशुपति नाथमा गुठ छ, श्री ५ पृथ्वी नारायणले स्वयम्भूमा कान्तिपूर विजय गरेपछि गुठ राखेका छन्, एक देवतालाई शैव र बौद्धले भिन्न भावनाले आराधना गरेका छन् । जस्तै गोपालेश्वर महादेवमा बोधिसत्वको पूजा र असंभलूमा अन्नपूर्णाको पूजा, कालरोषएसा संकटाको इत्यादि, इत्यादि ।

CC-0. In Public Domain. Digitization by eGangotri

दशैं दीपावली आदि राष्ट्रिय पर्व पनि हिन्दू र बौध्दले व्यापकरूपमा दुवैले देश भर मानन्छन् । दुइटैले मूर्ति पूजा र श्राध्दपनि गरेका छन् । नेपालमा शक्ति प्रधान पीठ छन् । यहाँ शन्यवादी बौध्दहरूले पनि बौध्ददेवतामा बलि निषिध्द भएतापनि अर्को बलि पीठ खडा गराएका छन् । जस्तै महाकालमा तलतिरको देवतामा बलि चढाइन्छ । वज्रयोगिनीमा पनि तलतिर महाकाल खडा गरी बलि दिइन्छ । यता बौध्द देवताका पूजक गुभाजू , ज्यापूहरू र उता शैव देवताका पूजकहरू ब्राह्मण र आचाजूहरू छन् । परस्पर विरोधको कुरा छँदैछैन । झन यी परस्पर देवताका आराधना समेत गर्छन् । कहिं कहिं एक देवतामा दुई थरीले दोहरा भावनाले पूजा गरेको पनि प्रशस्त पाइन्छ । जस्तै पशुपति नाथलाई आर्यावलोकितेश्वर, असंभलूलाई अन्नपूर्णा, कालरोषण भैरवमा संकटा, गोपालेश्वलाई बोधिसत्व र मंजुश्रीलाई सरस्वती इत्यादि । नेपालको बौध्द धर्म संसारले सम्झ्यो भने शैव र बौद्ध भिन्नता केवल आफ्नो अस्तित्वको निम्ति मात्र भिन्न छ । मत्स्येन्द्रनाथलाई सेता र राता बनाएर दुवैले धूमधामको यात्रा गरी मानेको देखिन्छ । वास्तवमा दुवै एकै ईश्वरमा विश्वास राख्तछन् भन्ने धारणा गरे हुन्छ ।

नेपाली बौद्धका सारा कर्मकाराड र पूजा संस्कृत भाषामै निर्माण भएका छन् । श्राध्द गर्दा 'स्वधा' शब्दलाई नै अपनाए । सुरथ वज्र, लीला वज्र , बाक् वज्र आदि बौध्द कर्मकाण्डीहरूले प्रक्रिया निर्माण गरी बौद्ध धर्मको अस्तित्व बचाए । नेपालका बौध्द र शैव तान्त्रिकहरूको पूजामा मिश्रित रूप पाइन्छ । नेपालको बागडार प्रायः सनातनी राजाकै

CC-0. In Public Domain. Digitization by eGangotri

हातमा रहेको छ तापनि यहाँका राजाहरूले धार्मिक झगडा देशमा उठ्न दिएनन्। राजा र प्रजामा मेल धार्मिक प्रथामा पनि रहिरहेको छ। सनातनीहरूले शक्तिका उपासनामा कुमारीको पूजा गर्दा शाक्यकी छोरीलाई देवताका रूपमा यात्रा चलाएको र राजा सम्म पनि कुमारी यात्रामा शामेल भएका छन्। उता 'सम्यक्' पूजा गर्दा बौध्दहरू राजालाई सर्वप्रथम अर्चना गर्दछन्। यसरी परम्पराको समन्वय गरी बौद्ध र शैव नङ्-मासु झैं मिलेर बसेका छन्। नेपालमा सामाजिक व्यवहार पनि आज सांमिश्रित रूपमा कहिं कहिं देखा पर्दै छ। ठमेलका प्रधान बौध्द र काठमाडौंका शैव छन् ता पनि दुबै थरीमा रोटी व्यवहार चलिआएको थाहा पाइदै छ। बौध्द धर्ममा जाति भेदलाई लिएर व्यवस्था मानेका च-एड़ाललाई कौल सम्प्रदायमा आएका शाक्त तान्त्रिकहरूले स्वीकारेर देवपाल बनाई पोडेलाई द्यौपालाको रूपमा स्थान दिएको छ। भद्रकालीमा आचाजु पूजारी भएर पनि पिशाच चतुर्दशीमा गुभाजू पूजारी हुन्छन्। भद्रकाली, इन्द्रायणी, कङ्केश्वरी आदि पीठमा अछूत प्रवेश निषिध्द गरिएको मात्रै नभई संरक्षकका रूपमा राखिएका छन्। कुशले प्रवेश गराएर वाद्यवादक प्रायः तिनैलाई देवस्थलमा गराएको छ। नेपालमा देव मन्दिरमा अछूतको प्रवेश हुँदा यसमा साम्प्रदायिक कलह मचाउने दामा वेला पनि छैन। यहाँ बौध्दमा झर्न जाति पातिको व्यवस्था छ।

बुध्दकै पालामा पनि विष्णु, शिव, इन्द्रादि देवता पूज्य थिए। ब्राह्मण धर्म कै आधारमा कर्मकाण्ड चलेको थियो। नेपालले बौद्ध मतलाई शक्तिको साहचर्य्य गराएर टिकायो।

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालमा केही अराष्ट्रिय तत्त्वा विदेशी सहायताको आड-मा आफ्ना पुस्तक, विभिन्न प्रकारका प्रचारद्वारा सनातन धर्म-कै सुधारक महात्मा बुद्धलाई हिन्दू धर्मको शत्रु सिद्ध गर्ने र नेपाल र भारतमा हिन्दू बौद्धमा वैमनस्य ल्याएर राष्ट्रिय एकता भंग गरेर आफ्नो स्वार्थ सिद्ध गर्न खोजिरहेका छन्। भगवान् कृष्ण भन्दा महात्मा बुध्द र शंकराचार्यले पनि हिन्दू धर्मका कुरीति दूर गरेर समाजको रक्षा गरेका छन्। भगवान् कृष्णले गीतामा स्पष्ट लेखेका छन् -मैले गुण कर्मका स्वभावले मानवलाई-ब्राम्हण, क्षत्रिय, वैश्य र शूद्र - ४ भागमा बाडेको छु। यही कुरा भगवान् बुध्दले भनेका छन्।

जातले कुनै बाहुन र शूद्रहुँदैन कमलेनै ब्राम्हण र शूद्र हुन्छन्।

शंकराचायले पनि नेपालमा बौध्द धर्मको घेरै रक्षा गरे। वज्रयानको घेरै प्रचारले गर्दा नेपालमा मत्स्य मांस मीन मैथुन आदिको प्रचार बढेको थियो। युवक भिक्षु र युवतिभिक्षुणी-हरूमा भयंकर व्यभिचार हुन थाल्यो। ईसाई मठ जस्तै बौध्द वहाल पनि दुराचार व्यभिचारको अड्डा भए। क्षात्र धर्मको अभाव भयो। यही देखेर शंकराचार्यले शाक्तिको देबता पशुपतिनाथको पूजा आराधनाको प्रचार: गरेर भीक्षु भिक्षणीहरूलाई विवाह गर्न बाध्य तुल्याए। भारतमा पनि मुसलमानको राज्यकालमा श्री माधवाचार्यले शैव धर्मको प्रचारले हिन्दूहरूमा शक्तिको पूजा चलाए जसले गर्दा दक्षिणमा विजया नगरको विशाल हिन्दू राज्यको जग बस्यो। यही समयमा जर्यास्थिति मल्लले पनि विदेशी आंक्रमणले जर्जर भएको नेपाललाई सुदृढ राज्य तुल्याए।

यसकारण बुध्द धर्म नेपालमा हिन्दू धर्मकै अङ्ग जस्तै भएकोछ।

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालको 'धर्म-निरपेक्ष' राज्य बनाना घातक

श्री ललितजङ्ग सिजापति

काशी, मङ्गलवार। विश्वनेपाली संघ के प्रमुख नेता श्री ललितजङ्ग सिजापति ने निम्नलिखित वक्तव्य प्रकाशनार्थ प्रेषित किया है—

'नेपाल को धर्म-निरपेक्ष बनाकर धर्म परिवर्तनद्वारा राष्ट्रियता खत्म करने की एवं परम्परागत राजतन्त्र को क्षति पहुँचाकर देशको बर्बादी की ओर ले जाने की कुचेष्टा हो रही है। यह जो सामान्य धारणा है वह पाश्चात्य शिक्षा एवं सभ्यतासे आत्मविस्मृत न हुए राष्ट्रियता तथा जातीयता प्रेमी प्रत्येक नेपाली के लिए एक बडी चुनौती है। इस वक्तव्य द्वारा हमलोग प्रत्येक स्वाभिमानी नेपाली बन्धु को एक जूट होकर इस प्रकार के षड्यन्त्र के खिलाफ खडा होने का आह्वान करते हैं।

जिस प्रकार ईसाई धर्मावम्बी देशों की अपनी अपनी मौलिक विशेषतायें हैं उसी प्रकार हिन्दू धर्मावलम्बी देशो में हिन्दू धर्म जन्मदाता नेपाल की भी अपनी विशेषता है और आज तो विश्वमें एकमात्र हिन्दूराज्य नेपाल ही रहगया है।

मानव सभ्यता के मूल भूत सार्व भौमिक, सार्वकालिक सिद्धान्त के जन्मदाता ऋषियों को जन्म देनेका गौरव नेपालके हिमालय को ही है।

"अहिंसा सत्यमस्तेयशौचमिन्द्रियनिग्रहः— दशधा धर्म लक्षणम्॥"

हिन्दू धर्म के उपर्युक्त मूलभूत दार्शनिक पक्ष को अपनाने

CC-0. In Public Domain. Digitization by eGangotri

के कारण ही नेपाली आज तक त्यागी, परसेवी, ईमानदार और स्वतन्त्र रह सके।

हमारे विचार में हिन्दू राष्ट्र और धार्मिक राजतन्त्र की आवश्यकता के कारण निम्नलिखित हैं—

हमारा राष्ट्रीय झण्डा सूर्यचन्द्रांकित वैदिक झण्डा है। हमारे यहाँ जितने अभिलेख मिलते हैं वे सब संस्कृत में लिखे गए हैं और उनमें गो-मूर्ति अङ्कित है। लिच्छिवि, मल्ल, गोरखा राजवश, मकवानपुर, पाल्पा तथा जुम्ला के सभी राजा सूर्य-चन्द्रवंशी हैं— यह बात इतिहास से प्रमाणित हो चुकी है। किराती राजाओं के कुल देव किरातेश्वर महादेव हैं और वे काश्यप गोत्रीय हिन्दू हैं। इन सभी बातों को ध्यान में रखकर ही नेपाल राष्ट्र के निर्माता श्री पृथ्वीनारायण शाह ने भी नेपाल को 'एक सच्चा हिन्दू राष्ट्र' कहा है। इसी लिए उन्होंने एवं बाद के देश भक्त नेपालियों ने भी भारत में भी हिन्दू राज्य को स्थापित एवं मजबूत करने का प्रयास किया था—यह बात इतिहास के पन्ने बतलाते हैं।

इससे यह भी स्पष्ट होता है कि अभी जो धर्म निरपेक्ष राज्य बनाने का एवं धार्मिक राजतन्त्र के प्रति अविश्वास उत्पन्न करने का षड्यन्त्र चल रहा है वह स्वाभिमानी नेपाली एवं विधर्मियों के बीच हजारो वर्षों से चल रहे सङ्घर्ष का एक रूपान्तर मात्र है।

विभिन्न धर्मावलम्बियों को स्थान देने के कारण उन लोगों के बीच अपनी भिन्नता एवं अस्तित्व की रक्षा हेतु हिन्दू धर्म को व्यापारिक पक्ष-'धर्म काण्ड' पर विशेष निर्भर रहने के लिए बाध्य होना पडा। विधर्मियों का पक्षा मजबूत

CC-0. In Public Domain. Digitization by eGangotri

होने के कारण ही भारत का अङ्ग-भङ्ग भी हुआ। विदेशी प्रजातान्त्रिक पद्धति के नाम पर धर्म निरपेक्षता लाकर आज उसी परिस्थिति को नेपाल में भी लाने का कुप्रयास चल रहा है। किन्तु इसके लिये आत्म गौरवान्वित प्रत्येक नेपाली अन्तिम सङ्घर्ष तक करने को तैयार बैठे हैं। हम लोग बुद्ध धर्म एवं हिन्दू धर्म के आधारभूत विचार तथा संस्कार में कोई भेद नहीं देखते हैं। इसी कारण हम दोनों धर्मावलम्बी हजारों वर्षों से एकात्म होकर एक साथ रह रहे हैं। आज इस पवित्र सम्बन्ध को भी दूषित करने का प्रयास विरोधी विधर्मी तत्त्व कर रहे है।

चीन में विधर्मियों ने ही राजतन्त्र को समाप्त किया, गृह युद्ध लाया और अन्त में चीन को विभाजित होना पडा। जापान में राजतन्त्र दृढ़ होने के कारण ही देशकी उन्नति जल्दी हुई। विलायत में भी क्राम्वेलने राजतन्त्र को समाप्त किया और इसलिए गृहयुद्ध एवं रक्तपात हुआ और अन्तमें फिर राजतंत्र को ही मानना पडा। उपर्युक्त सभा बातें इतिहास-सिद्ध हैं।

अतः पाश्चात्य शिक्षा एवं सभ्यता से आत्म-विस्मृत आत्मगौरव हीन हिन्दूओं को आत्मबोध करने का उत्तरदायित्व आज हम नेपालियों पर पडा है। हिन्दू धर्म के उपर्युक्त सनातन सिध्दान्त मे-विकसित नेपाली राजतन्त्र की संस्था नेपालियों के दैनिक, सांस्कृतिक एवं धार्मिक जीवन का आवश्यक अग बन चुकी है। अतएव आज की परिस्थिति में, सार्वभौमिकता सम्पन्न हिन्दू राष्ट्र नेपाल और उक्त सनातन सिद्धान्त में आधारित परम्परागत राजतन्त्र की सफलता के ऊपर ही आत्म-गौरवान्वित हिन्दुओं का अस्तित्व एवं समृद्धि निहित है।

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाल और भारत की सांस्कृतिक एकता

— श्री मातृका प्रसाद कोइराला

नेपाल और भारत का जातिगत और संस्कृतिगत समष्टि रूप में साम्य है न कि एक मात्र भाग का। शादी विवाह तथा पहनावे का थोडा पार्थक्य भी वाह्य और जलवायु के कारण ही हुआ है, पहाड के ब्राह्मण क्षत्रिय आज भी अत्यधिक सर्दी के बावजूद भोजन और पूजा के समय धोती ही पहनते हैं, शादी में वर पगडी बांधता है और बधू के लिए लहंगा और नथ ही ले जाया जाता है। आवागमन की कठिनाई से और इन सब बातों की जानकारी के अभाव में कुछ पार्थक्य सा दिखाई पडता है जो तात्थिक नहीं है। नेपाली भाषा का उद्गमश्रोत भी आर्य संस्कृत भाषा है और लिपी देवनागरी। धार्मिक दृष्टि से तो हिन्दू और बौद्ध एक ही हैं।

राष्ट्रियता के साधारण लक्षणों की कसौटी पर ही हम जरा अपने को देखें। भौगोलिक और सांस्कृतिक रूप से इस देश की एकरूपता स्वतः सिद्ध है। ऐतिहासिक रूप से भी देश का प्रायः पूरा भाग— एक ही सूत्र में बंधा चला आया है यद्यपि इस सूत्र का मध्ययोग पहाडों में ही रहा। राजनैतिक और आर्थिक रूप से तो देश का समष्टिगत स्वार्थ एक ही है। जातिगत (Ethnic) दृष्टिकोण से भी यदि हम देखें तो सभी अपनी जाति की सृष्टि दक्षिण से ही बताते हैं यहां तक कि इस देश के आदि निवासी— लिम्बू, मगर;नेवार बगैरह। तराई के कुछ गलत तरीके से सोचने वालों का

CC-0. In Public Domain. Digitization by eGangotri

यह कथन कि तराई के लोगों से मात्र भारत की निटकतम घनिष्टता है, भ्रामक है। तराई में बसने वाले १०-१५ लाख थारूओं की या उसी तरह की दूसरी जातियां— जैसे धिमा, मेच, मुर्मी, दनुवार, खदरस वगैरह का भारत से जन्मतोगत सम्बन्ध विच्छेद हो गये काफी वर्ष हो गये हैं और आज इन जातियों के लोग नेपाल छोड़कर दूसरी जगह नहीं हैं। जहां मगराअ अल्प संख्या में है भी तो वह भी उसी भागमें हैं जो कभी नेपाल के अधीनस्थ था। उसी प्रकार सहरसा जिले के उत्तरी भाग में काफी मगर और राई भी बसे हुए हैं और वहाँ के कुछ गांवों के नाम ही मगरकुपी, देवानगंज, भालूढंगा वगैरह हैं। देवानगंज नाम तो पुरनियां, जलपाह-गुडी में भी मिलते हैं। यह उन्हीं जगहों का नाम है जहां किरातों ने अपने आधिपत्य में रखा था। किरातगण अपनी उपाधि साधारणतः देवान ही लिखते हैं। इसे किसी राजा के दीवान पद से संयुक्त करना गलत होगा।

समष्टिगत रूप से सभी दक्षिण से आये कोई आगे कोई पीछे पूर्विया ब्राम्हण कन्नौज से, कुमाई कुमाउं से, राजपूत (सतृभ) राजस्थान से, नेवार कर्णाटक तथा मिथिला से; दूसरी आदिवासी जातियां भी अपना उद्गम दक्षिण से ही बताते हैं। लिम्बू (किरात) अपना काशी गोत्र बताते हैं-थारू अपनी उत्पत्ति दक्षिण ही बताते हैं। मेरा खयाल है कि भारत की मंगमेर शाखा – दक्षिण को आर्य तथा द्रविडों से परास्त होकर उत्तरापन्थी हो गये जिस प्रकार मुगल उत्पीडन से त्रस्त होकर बाद को ब्राम्हण राजपूत उत्तरावर्ती हुए थे। उप महादेश व भारत की पोलिदोटीमान कडी नेपाल के लिम्बु,

CC-0. In Public Domain. Digitization by eGangotri

थारू, राजदेशी, धिमाल से प्रारम्भ होकर विहार, आसाम की अहोमा, खासी, गारो; वर्मा के करैन कोचीन तथा बाद को मलाया, कंबोज, हिन्देसिया से दक्षिणी अमेरिका तक फैल गई थी। हमारे मोरङ्ग के धिमाल राज में और सुमात्रा जावा के निवासियों में आकृति वेश भूषा और केश विन्यास में इतना साम्य है कि दोनों के फोटा एक साथ रखे जाय तो कौन कहां का है कहना कठिन होगा।

नेपाल की जातिया

—पं० मुरलीधर भट्टराई

नागरिक स्वागत समिति की ओर से एक अभिनन्दनपत्र १३।४।२०१७ में श्री ५ को समर्पित किया गया था। उस पत्र के सभी वाक्य सुन्दर थे परन्तु उस में ऐसे भी वाक्य थे जो कि हमें मिश्रित जातिके (संकर) ध्वनित करते हैं। वे वाक्य ये हैं; –

"आर्य र अनार्य मंगोले जाति को सम्मिश्रणले एउटा विशुद्ध जाति मा परिणत भैरहेको यो नेपाललें ... ... यी दुवै छिमेकी राष्ट्रहरूका संस्कृति, सभ्यता र विशालताको प्रशस्त प्रभाव परेर नेपाललें जो विशेष संस्कृति र सभ्यताको भवन निर्माण गरेको छ, त्यसको खास प्रतीक सरकार नै होइ-बक् सिन्छ ... ...।"

इस वाक्य के आरम्भ में कहे अनुसार अपने आपको आर्य और मंगोल दो वर्ण के संमिश्रण से उत्पन्न वर्ण संकर मानकर गौरवान्वित समझनेवाला भ्रान्त एक भी व्यक्ति इस विशाल में न था, नहै, न होगा ही। आर्य शब्दका अर्थ है ऋजु, सरल, सभ्य एवं सदाचारी। यह संस्कृत शब्द है अतः इस-

CC-0. In Public Domain. Digitization by eGangotri

का अर्थ संस्कृत कोश के अनुसार ही होना उचितहै । नेपाली सबआर्य हैं। मगोले का अर्थ है मंगोलिये केनिवासी। तब नेपाल में रहकर अपने को मंगोलिया के निवासी मानना सरासर देश द्रोह नहीं है ? हमारे देश में फूट डालने के लिए पाश्चात्यो के व्दारा, चिपटी और ऊँची नाक, उबडी और बैठी गाल को लेकर की हुई आर्य और मंगोलिये की परिभाषा को लेकर अभिनन्दन पत्रमें ये भेद के शब्द आये हों तोभी यह न्याय संगत नहीं जँचता । कारण नेपाल के किरात, मल्ल, लिच्छवि आदि नेवार, गुरुङ, मगर, तमाङ्, सेर्पा सब आर्य हैं इसलिए तिब्बत के स्रोन्चोङ् गम्पो (प्रथमसम्राट) तकने अपने को आर्य माना है । पुनश्च हमारे नेपाल में जितनी जातियाँ है उनका इतिहास सिवाय हमारे धर्म ग्रन्थो में अन्यत्र मङ्गोलिया आदि देश में मिलता ही नहीं है। "संमिश्रित विशुध्द जाति " कहना वदतोव्याघातः है । जब यह संमिश्रित है तो फिर उसकी विशुद्धता कहाँ रहः ? 'यी दुइ देश' कहकर अभिनन्दनपत्रमें भारत और चीनको ही संकेत किया गया है । हमारा प्रभाव चीनपर धर्मप्रचारकों के कारण बहुत पडा है। हिमालय के कारण उनका हम पर अधिक प्रभाव न पडसका । बात रही भारतकी । भारत के नाम से, हमारे धर्म ग्रन्थोके अनुसार सांस्कृतिक दृष्टिसे समग्र जंबूद्वीप आता हैं। फिर भारत और नेपालमें जब आर्य ही रहते है, जब कि अपने को उन्हीं राम, कृष्ण, बुद्धके अनुयायी ही नही सन्तान ही मानते हैं तो एक में प्रभाव की बात नहीं बनती । यदि आर्य अनार्य से बौद्ध और अबौद्ध अभिप्रेत हैं तो भी इस पत्रका कहना सरासर अशुद्ध है । बौद्ध बनने के लिए मङ्गोलियाइ

CC-0. In Public Domain. Digitization by eGangotri

होना कोइ आवश्यक नहीं है। वे स्वयं आर्य थे और आर्य (अरिय) शब्दको उन्होने उसी अर्थ में प्रयोग किया जो वेदने। प्रमाणके लिए त्रिपिटक सामने है। नेपाली सब आर्य हैं इस बात को वैदिक बौद्ध दोनो सम्प्रदायके हिन्दुओं को न भूलना चाहिए।

के यो हाम्रो सांस्कृतिक दासता हो ?

—पं० मुरलीधर भट्टराई

" कुनै देशले पुरा तवरले स्वतन्त्र भएर रहनु छ भने आफ्नो जीवनको हरएक क्षेत्रमा स्वतन्त्र भएर रहनु अति जरूरी छ। " यस वाक्यको उत्तर प्रश्न कै रूपमा पनि हुन सक्तछ। के प्रजातन्त्र हुनु भन्दा पहिले कै नेपाल पूर्णरूपले स्वतन्त्र थिएन र ? गोपाल वंशीय राजाहरू देखि लिएर किरात लिच्छवि, मल्ल, शाह, राणा काल तकका सबै वीर विद्वान् नरेशहरूले र राष्ट्र पिता पृथ्वीनारायणशाहले भारत वर्ष भरत खण्ड़े भन्दै आए र सच्चा हिन्दुस्थान यही नेपाल हो भने भन्ने कुरा सबैले जाने कै हो। के यो सबै देशद्रोही थिए ? भारतका एजेन्ट थिए ? " अति भयङ्कर कुरा" भन्नु भएकोमा यदि उपर्युक्त नरेशहरूले निर्माण गरेर हामीलाई राखिंदएको नेपाल राष्ट्र माथि हाम्रो गौरव छ भने वहाँहरूले गरेर आएका धार्मिक वृत्यहरूमा र " भारत वर्ष भरत खण्डे " भन्ने वाक्यमा पनि हाम्रो गौरव छ। यो संकल्प छाडनु र नेपाल मेरो भन्न छाडनु एकै कुरा हो, अतः नेपाल राज्य छउन्जेल म " भारत वर्षे भरत खण्डे " भनिरहने छु !

कुनै देश स्वतन्त्र छ भने राजनीतिक तवरले त स्वतन्त्र हुनै पर्ने भयो, तर सांस्कृतिक र धार्मिक तवरले पनि स्वतन्त्र

डा. [illegible] स्मारक
पुस्तकालय
5817

CC-0. In Public Domain. Digitization by eGangotri

हुनु आवश्यक छ।' यस वाक्यको उत्तर केही त भइसक्यो अझै स्पष्ट गर्नको निमित्त एक विशेष प्रश्न तपाईंको समक्ष राख्दछु। त्यो हो यो कि रामायण, महाभारत, भागवत, विष्णु पुराण, यहाँसम्म कि हिमवत खण्ड, नेपाल माहात्म्य-सम्ममा भारतको गौरव गाथा भरिएको छ। भारतमा जन्म लिने मानिस अति धन्यछन्, हामी पनि भारत मै जन्मन पाउँ भनेर देवताहरुले गीत गाउँछन् भनेर लेखेको छ। आफ्नो स्वर्गको मानु खाएर भारतको गीत गाउने यी देवता त तपाईको विचारमा अत्यन्त देशद्रोही भैहाले भने यसमा देशद्रोही देवतालाई मन्दिर बनाएर राख्ने हामी सबै देशद्रोही भै हाल्यौं। अब यी अष्टादश पुराण, रामायण, महाभारतमा आएको 'भारत' शब्द हटाएर यी सबैको अर्को नेपाली संस्करण गर्नु पर्‍यो। महाभारतलाई महा नेपाल भनेर लेख्नु पर्‍यो। या त न रहे बाँस न बजे वंशी भन्दै सबैलाई अग्नि संस्कार वा जलसमाधिमा राख्नु पर्‍यो। भन्नोस् के गर्ने?

बाहुनहरू र यी उपर्युक्त राजर्षिहरू त भारतको पक्षका भए लौ, भगवान बुद्धले जातकमा बुद्धत्व प्राप्त गर्न भारत मै जन्मनु पर्दछ, त्यसमा पनि ब्राह्मण क्षत्रिय कै संन्तान हुनु पर्दछ भन्नु भएको छ यस कारण सर्वज्ञ सुगत बुद्धलाई अज्ञानी, देशद्रोही भनौं त? तपाईको भनाई अनुसार हाम्रो संस्कृति चीन-तिब्बत र भारतबाट आएर यहाँ भिन्न भएर बसेको हो। 'तिब्बतको नून भारतको पानी नेपाली बाहादुर बसेर खानी, भन्ने उखान बनाउन मलाई बाध्य गर्नु भयो। हाम्रो त केही पनि रहेन। तपाईं भन्नु हुन्छ चीन-तिब्बतबाट बौद्ध धर्म नेपाल आयो, म भन्छु भारत नेपालबाट चीन-तिब्बत-

CC-0. In Public Domain. Digitization by eGangotri

तिर गयो । तपाईंले लेख्नु भो 'हाम्रो देशमा हिन्दू धर्म र बौद्ध धर्म मान्नेहरू एकै धर्म मान्ने जस्तो गरी रहन्छन्' म भन्दछु सबै हौं। बौद्ध धर्म हिन्दूधर्म कै एक शाखा हो। कारण बुद्धले आफूलाई क्षत्रिय कुलमा जन्म गराउनु भयो, ब्राह्मणसित गायत्री सुन्नु भयो, वैदिक विधानले नै विवाह गनु भयो। गयाजीको पवित्र स्थानमा तपश्चर्या गनु भयो, कार्शीमा बसेर धर्मको मनन गर्नु भयो। नवौं अवतार बुद्धको पूजा न गरून्जेल वैदिक मार्ग अपूर्ण छ र वैदिक धर्मबाट लिएका वस्तु त्यागने हो भने बौद्ध धर्म पानी सुकेको रानी पोखरी जस्तो देखिन्छ। अतः वैदिक र बौद्ध एक उस्तै मात्र होइनन् किन्तु एकै हुन्। अत दुई धर्म मिल्यो भन्नु पनि अलीक झूठ नै हो। एउटै वस्तुमा मिल्नु र छुट्नको प्रश्नै रहन्न।

'हाम्रा विभिन्न चाल आफ्नै किसिमका छन' भन्नु भएकोमा किसिम (प्रकार) का गाई हुँदैमा गोत्व जातिमा नै भिन्नत आउँदैन। पाडे र पन्त भंडारी र भट्टराईमा पनि कति चाल चलन भिन्न छ ? भन्दैमा मौलिक वैभिन्य सम्झनु बुद्धिको टाट उल्टनु जस्तै होइन र ,

वास्तवमा पाकिस्तान, सिक्किम, भूटान, वर्मा, लङ्काका र नेपाल—भारतका हिन्दू सबै एक हौं। यी सबै देश सांस्कृतिक दृष्टिले भाइ तै हुन्। राजनीतिक दृष्टिले अनेक राज्य थिए, छन्, होलान्, नहोलान् पनि तर जहाँसम्म वेद, उपनिषद् रामायण, महाभारत रहने छन् त्यहाँ सम्म र उत्तरमा हिमालय र दक्षिणमा समुद्र रहलान् यिनको प्रभावले पनि हामी भारत वर्ष भरत खण्डे भन्ने नै छौं। भरतको जन्म नेपालमा भएको हो र भारतलाई यो नाम नेपालले दिएको भन्ने प्रमाण सैले 'नेपाल और उसकी संस्कृति, मा दिएकै छु। फेरि

CC-0. In Public Domain. Digitization by eGangotri

नेवारी भाषा धेरै जसो संस्कृत बाटै आएको हो भनेर प्रमाणित गरि सकेकै छ । यस्तो अवस्थामा आफूलाई भारतको र चीन-को दाल चामलको खिचडी मान्नु हीनताको अनुभवबाट नि-स्केको सांस्कृतिक दासता होइन र ? समग्र भारतका हिन्दूहरू नेपालको राजगद्दीमा श्रद्धा राखदछन् यस निम्ति कि राष्ट्र-पिता पृथ्वीनारायणशाहको वाक्यमा नेपाल सच्चा भारत हो र गद्दी हिन्दू धर्म, बौद्ध शाखा सहितको समग्र अनुयायीको निमित्त राजगद्दी मात्र होइन धर्म गद्दी पनि हो । यस प्रकार "नेपाल सच्चा हिन्दूस्थान" (भारत) र नेपालको संस्कृति सच्चा हिन्दू संस्कृति हो । यसैमा हाम्रो भलो छ ।

हिन्दू धर्मका परम पूजारी किरातहरूले शिवजी को त्रिशूल गाडे, लिच्छविहरूले नारायणको अगाडि शंख ध्वनि गरे, मल्लहरूले राम कृष्णको अगाडि बसेर घण्टी बजाए, मगर, गुरुङ, तामाङ हरूले देवी देवता का अनेकानेक सुन्दर मंदिर बनाए । शाहहरूले गजूर चढ़ाए, राणाहरूले पहरादिए । बंगाल, मिथिला, कान्यकुब्ज, महाराष्ट्र र कुमाउँ का ब्राम्हण हरूले वेद ध्वनि गरे, पहाडी ले प्राणप्रतिष्ठा गरे ।

केरल का ज्ञान मार्गी आचार्य शङ्कर, रामानुज आदि-ले हामीलाई ज्ञान—शक्तिको मार्ग देखाए । गोरखनाथ-म-त्सेन्द्र आदि योगी को साधन भूमि यही हो । काश्मीर, बं-गाल र महाराष्ट्रबाट वाम मार्ग पनि यहाँ आयो । श्री पर्वत बाट वज्रयान आयो र ताराको यहाँ पूजा भयो, यतै बाट यो धर्म तिब्बत र चीन सम्म पुग्यो । शैव, शाक्त, गाणपत्य, झैं नै बौद्ध पनि वैदिक संप्रदाय का एक अंग मानिन्छन् । अवतार का उपासक हिन्दू मानिनु केवल नवौं अवतार का उपासक अहिन्दू कसरी मानिन्छन् र ? यस तथ्यलाई नेपाल ले अत्यन्त सुन्दर ढंगले बुझेकोछ । यही नेपालको संस्कृतिहो ।

CC-0. In Public Domain. Digitization by eGangotri

अठारौं शताब्दीको नेपाल

— धनवज्र वज्राचार्य

अठारौं शताब्दीको नेपालमा निम्नलिखित सभ्यताको चलन पाउछौं—

साइत नहेरी कुनै काम पनि गर्दैनथे। लडाइँको साइतमा गणेशको र भगवती पूजा हुन्थ्यो। गङ्गाजल, धूप, दीप, कपूर, सिन्दूर, फलफूल, दूबो, फूलमाला, खीर, नरिवल, चमर, ऐनाहरूले देवताको पूजा गरिन्थ्यो। साइतमा दही, अक्षता माला फलफूल शगुनका साथ साथ पुरोहितले आशीर्बाद दिन्थे। सो आशीर्बाद लिई वीरहरू देवतालाई सम्झी देवता आगो गाई बाहुनलाई ढोगी लडाइ तिर प्रस्थान गर्दथे।

लड़ाइँको साइतमा निशानको पूजा हुन्थ्यो। बाहुनहरू वेदध्वनि गरी पूजा गर्थे। त्यहाँ गणेशको, देवीको पूजा पनि हुन्थ्यो। शंख बज्दथे। कलशलाई कन्याले मालाले सिंगादथे। दमाई बाजा बजाउँथे। घुमाउँदै छाता ओढ़ाउँथे। चमर हम्कन्थे। बाजा बजाउँदै निशानलाई अघिलाई सिपाहीहरू लडाइँतिर जान्थे।

साइत गरी लडाइँतिर जान लागेको राजा, अथवा ठूला भारदारमाथि आइमाईहरू फूल लावा दूबो जमारा कुङ्कुम दहीमा मुछेका अक्षता छर्दथे। शकुन अपशकुनको विचार खूप रहन्थ्यो। बाटामा परेका नदीहरूमा स्नान अथवा मार्जन गर्दथे। बाटामा परेका देव मन्दिरमा पूजा-आजा गर्दथे।

लडाइँमा विजय भएपछि फर्कदा बाटामा परेका देवीका मन्दिरमा बलि, चण्डीपाठ, कुमारीपूजा, जपहरूका साथसाथै

CC-0. In Public Domain. Digitization by eGangotri

ठूलो पूजा हुन्थ्यो। अरू प्रसिद्ध मन्दिरमा पनि त्यहाँको विधि अनुसार पूजा हुन्थ्यो। ब्राम्हण र गरीब-गुरुवालाई दान दिन्थे। लडाइँ विजय गरी शहरभित्र पस्न लागेको राजा अथवा ठूला भारदारलाई ठूलो स्वागत गर्दथे। सिन्दूरयात्रा गरी नगर प्रवेश हुन्थ्यो। त्यसबेला देवालयका शंख घण्टा बजाइन्थे। घरका ढोका-ढोकामा सिगारेका भरी घडा राख्थे। सिंगारिएका आइमाईहरू भयाल, कौशी, बारादलीबाट फूल, माला, अबीर, लावा, अक्षता, जमरा बर्साउँथे। ठाउँ-ठाउँमा बत्ती बल्थे, आफ्ना ढोकामा बसेका मान्यजनलाई ढोगी भित्र पस्दथे। भित्र यस्ता आरती स्याउँली (थालमा पीठोको अष्टदल कमल बनाई रचनाहरूले सिंगारी पातैपिच्छे बत्ती बाली दूधे हालेको झारीबाट पानी चुहाउँदै घुम्ने विधि) गर्थे। ठीक साइतमा बाजा बजाई स्वस्तिवाचन स्त्रोत्र पाठ गणेश पूजा गरी घरभित्र प्रवेश गर्थे। प्रवेश गर्दा केटीहरू गीत गाउँथे। त्यहाँ पुगेका दुनियाँहरू जय जयकार गर्थे। अरू पनि नाच-गान-बजान हुन्थ्यो।

लडाइँ जितेर ल्याएको धनको दशमांश दान गर्नु पर्छ भन्ने विचार थियो। नाउँ चलेका भारतीय विद्वान्हरूलाई पनि बोलाई दान दिन्थे। पशुपति आदि तीर्थस्थलमा मण्डप बनाई शुभ दिनमा चाँदी, घिउ, कपूर, चाकु, चामलहरूको तुला दान हुन्थ्यो। हात्ती, घोडा, रेशमी कपडा, रूपियाँ पनि दान हुन्थ्यो। आफ्ना पुरोहितलाई सबैभन्दा बढ्ता दान दिन्थे। दान दिई पालकीमा चढाई पुरोहितलाई बिदा गर्ने चलन थियो।

कोही कोही मानिस दान गर्नु भंदा योगाभ्यास गर्नु

CC-0. In Public Domain. Digitization by eGangotri

बढिया हो भनी नगद खर्च नगरी धर्मात्मा हुने उद्योग पनि गर्थे। शिवको उपासना गर्ने शैव, बुद्धको उपासना गर्ने बौद्ध, देवीको उपासना गर्ने शाक्त कहलाउँथे। उपासनाको भेदले यस्तै अरू सम्प्रदाय पनि थिए। बिहान उठी नुहाई-धुवाई गरी धोती फेरी जप-पाठ-पूजा गर्नु धार्मिक कर्तव्य सम्झिइन्थ्यो। तंत्र-मंत्रले सबै कुरा सिद्ध हुन्छ, मंत्र सिकन गुरु चाहिन्छ भन्ने विश्वास थियो। कर्मको भोग टारेर टर्दैन भनी सबै भन्दथे। जोगीहरूको खूप प्रभाव थियो। जोगीहरूको वेदान्त चर्चालाई राजाहरू पनि सुन्दथे। पुराण सुन्ने पुराण लाउने सबै गर्दथे। सती जाने चलन थियो। बहु विवाह गर्ने चलन थियो। कुल स्त्रीहरू पतिका खुट्टा धोई पनी खान्थे। स्त्रीले धेरै पति लिएमा निन्दा हुन्थ्यो।

भाटको प्रभाव परेका केही जातीमा एक स्त्रीका साथ-साथ धेरै पति पनि हुन्थे। मगरहरू मामाकी छोरी विवाह गर्थे।

बाहुनले डोली बोक्नु र पैसा लिई दिनु निन्दनीय सम्झिइन्थ्यो।

शिवरात्रिमा पशुपतिको दर्शन गर्न देश-विदेशबाट धेरै नर-नारीहरू आउँथे। तिनमा राजा, रजौटा, विद्वान्, नटुवा ज्योतिषी, योगीहरू पनि हुन्थे। वेदान्त चर्चा चल्दथ्यो। योगीहरूको आदर भाउ हुन्थ्यो। केही दिन पछि विदा गरी पठाई दिन्थे।

काशीमा गई गङ्गास्नान गर्नु र गयामा गई श्राद्ध गर्नु ठूलो पुण्य सम्झिन्थ्यो। तीर्थयात्रा गर्ने चलन निकै थियो। डोटीको बाटो गरी (बद्री आदि) तीर्थमा जान्थे। बुढेस-

CC-0. In Public Domain. Digitization by eGangotri

कालमा काशीवास बस्ने चलन पनि थियो ।

कोष व्याकरण, काव्य, न्याय, मीमांसा, सांख्य, योग, वेदान्त, धर्मशास्त्र, ज्योतिष, आयुर्वेद पढ़ेका विद्वानहरू नेपाल राज्यमा थिए । काशीमा गई पढने चलन पनि सामान्य थियो ।

मानिसहरू पुराणमा अतिशय श्रद्धा राख्ने भएका हुनाले पुराण हेर्ने भन्ने काम प्रायः सबै पण्डितहरू गर्दथे । तन्त्र-शास्त्रको प्रचार पनि विद्वानहरूमा थियो । कर्मकाण्डीहरू वेद मन्त्र कण्ठ गर्दथे । राजाहरू चौगडी, मोतीको माला, बाजु, श्रीपेच लाउँथे । हतियार भिर्दथे । ठूला मानिसहरू जामा पगरी अथवा टोपी लाउँथे, पटुका बाँध्थे, लडकाहरू ढाल तरवार खुकुरी भिर्दथे । धनुवाण चलाउने वीरहरू भोटो लाउँथे । पिटयूँमा ठोक्को भिर्दथे । बाणको टुप्पोमा विष लाउँथे । बन्दूकधारीहरू गोली लिन्थे । पगरी लाउँथे । कवच लाउँथे । कम्मरपेटी बाँढ्थे । सबै जातका मानिस टीका लाउँथे । आफ्नो श्रद्धा अनुसार टीका भिन्न भिन्न किसिमको हुन्थ्यो । कोही त्रिपुण्ड्रक, कोही ऊर्ध्व पुण्ड्रक, कोही बाटुलो टीका लाउँथे । रुद्राक्ष पनि लाउने गर्दथे । साधारण मानिस खॉडीका लुगा लाउँथे ।

हातमा काँचका चूरा, निधारमा सिन्दूरको टीका र घाँटीमा पोते सधवाको चिन्ह सम्झिन्थ्यो । यति कुरा सबै सधवा स्त्रीहरू लाउँथे। आँखामा गाजल लाउने चलन थियो ।

राजाहरू सुन चाँदिका पिंजडामा शुगा-मैना पाल्दथे । राजाहरू शिकार खेल्थे, बाज पाल्थे ।

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालका देवी देवता र ठूलो हिन्दू राज्यको योजना

—श्री सरस्वती प्रसाद घिमिरे, एम. ए.

नेपालराष्ट्रका मुख्य इष्टदेव पशुपतिनाथलाई किराती राजाहरुले किरातेश्वर पनि भन्दथे। श्री पुष्प वर्माले मन्दिरलाई अति उच्च बनाई सुनले छापिदिए। वृषभदेवका छोरा श्री शंकर वर्माले पशुपतिनाथका उत्तर तर्फ फलामको ठूलो डमरु समेतको त्रिशूल चढाए। तिनका छोरा श्री धर्मागतदेवले बसाहा स्थापना गरे। श्री राजा गुणकामदेवका पालामा दक्षिण दर्वाजा का सामुन्ने आफ्नो शिलामूर्ति स्थापना गरे। श्री राजा लक्ष्मी नरसिह मल्लकी रानी गङ्गादेवीबाट जीर्णोद्धार गरियो। श्री राजा लक्ष्मी नरसिंह मल्लका पुत्र प्रतापमल्ल राजाले आर्यघाट बनाई पशुपतिनाथका चरणोदकले मुक्ति प्राप्तिहुने काम गरे। पशुपतिनाथमा भूपालेन्द्र मल्लले गुठी राखिदिए। श्री ५ पृथ्वी नारायणशाहले पञ्चामृतले स्नान गराउनू भनी गुठी पनि राखिदिए। श्री ५ रणबहादुर शाहले पशुपतिनाथलाई चाँदीको जलधारी चढाई गुठी राखिदिए श्री ३ महाराज रणोद्दिप सिंहबाट सेतो राम्रो टलक भएको ढुंगा टॉसी राम्रो गराइयो। श्री ३ चन्द्रसम्सेरले कम्पनी टॉसी झन् शोभा बढाए। श्री ३ जुद्धसंसेरले रुद्राक्षको बुट्टाहरु बनाउन लगाई राम्रो गराए। श्री५ महाराजाधिराज महेन्द्रवीर विक्रम ले आधुनिक ढाँचाबाट बाहिर भित्र मर्मतको साथ नयाँ अद्वितीय निर्माण गरिवक्स्यो।

गुह्येश्वरी — श्री शङ्करदेवका पालामा नृसिंह ठाकुर नेपाल आई चारैतिर गिर्दा पर्खाल लगाई आतरमणीय मन्दिर बनाई दिए। श्री प्रताप मल्लले पूजाको प्रबन्ध र घरै गुठी राखिदिए। श्री ५ रणबहादुरशाहले बाजा

CC-0. In Public Domain. Digitization by eGangotri

नगराहरुको प्रवन्ध मिलाई दिए । श्री ३ महाराज जंगवहादुरले कलश चाँदीका पूजाभाँडाहरु चढाई दिए । श्री ३ चन्द्रसम्सेरले जीर्णोद्धार गरिदिए । फेरि भत्केको ठाँउमा श्री ३ जुद्धले जीर्णोद्धार गरिदिए । श्री ५ महेन्द्रले गुह्यश्वरीको जीर्णोद्धार गराएर आफ्नो र वडा महारानीको भक्तको रूपमा स्वर्ण मूर्ति स्थापना गरिवक्स्यो ।

वज्रयोगिनी साँखुमा पनि श्री राजा शंकरदेवले साखु शहर वनाई ईश्वरीलाई चढ़ाए । श्री राजा सूर्यमल्लले धेरै गुठी राखिदिए । श्री ३ चन्द्र संसेरले फलाम को सत्तरी-हरू लगाई अझ मजवूत पारिदिए ।

स्वयम्भू लिंग चैत्य लिच्छवीवंशका शैवराजा वृषम देवले वौद्धमत लिएका हुनाले वौध्ददेवताहरू स्थापना गरे । श्री राजा प्रतापमल्लले सुनको पंचबुध्द भगवान् वनाई स्थापना गरिदिए । फेरि जयप्रकाश मल्लले जीर्णोद्धार गरिदिए । श्री ५ रणवहादुर शाहले देव धर्मालामाको कथनानुसार गुठी राखि दिए ।

श्री वूढानीलकण्ठ— श्री राजा सूर्यकेतुले यी जलशायी नारायणको स्थापना गरे । सूर्यवंशी राजाका शेषपछि श्री प्रतापमल्लले भण्डार खालमा जलशायी नारायणको स्थापना गरी राजाहरूले त्यहीं दर्शन गर्ने प्रथा चलाए ।

श्री चांगुनारायण— राजा विष्णुगुप्तले ७०० घरका ग्राम वनाई चढाए । हरदत्त राजाले देवालय वनाई दिए । गंगारानीवाट छानामा सुन छापी धेरै गुठी राखिदिइन् । पछि प्रधान मंत्री रणोद्दीपसिंहले चौघेरा सत्तल वनाईदिए ।

पाटनको मत्स्येन्द्रनाथ- शिव मार्ग वौध्दमार्ग दुवैले

CC-0. In Public Domain. Digitization by eGangotri

मान्नु पर्ने गरी स्थापना गरे । यिनी वैदिक देवता इन्द्रकै रूप वर्षाको देवता हुन् । इन्द्रको पूजा यहाँ इन्द्रयात्रा, इन्द्रध्वजोत्थान इन्द्रलिंगको रूपमा गर्ने चलन प्राचीन समयदेखि चलि आई रहेछ । श्री राजा वाशमल्लले सुनको छाना छाई तोरण समेत गजुर चढाई गुठी समेत राखिदिए । श्री ३ महाराज जुद्धसम्सेरले देवल बनाई दिए । यिनै मत्स्येन्द्रनाथका शिष्य गुरु गोरखनाथ प्रख्यात छन् ।

भद्रकाली- काठमाण्डुका राजा गुणकामदेवले स्थापना गरे । राजा अमर मल्लले रथारोहण यात्रा र नित्य लीला गर्ने प्रथा चलाए । वर्तमान श्री ५ महेन्द्रले जीर्णोद्धार गरी अति शोभायमान बनाई बक्स्यो ।

[redacted]क केश्वरी पत्नि गुणकामदेव र अमरमल्लले स्थापना गरेका हुन् । जनरल कृष्णबहादुर कँवर ले पछि सुनको मजस्वा, जनरल गगनसिंहले माम्मातलामा सुनको छाना बनाए ।

कृष्णमन्दिर पाटन—पाटनको राजा सिद्धिनसिंहमल्लले कृष्णभक्त हुनाले आफ्नो दरवारको अगाडि कृष्ण मन्दिर स्थापना गरे । यो मन्दिरमा महाभारत र रामायण दशावतारको मूर्तिहरू बनाई कोटो होम गराई गरुड स्थापना गरी श्री राधा कृष्णको मूर्ति स्थापना गरे । भारत जस्तै नेपालमा पनि कृष्णका पूजा मल्ल राजाहरु श्रद्धाभक्ति पूर्वक गर्दथे । कृष्णाष्टमीको अगाडि आठदिन सम्म गाईयात्रा नाचगान रासलीला अझ चलिरहेकोछ । यस्तै नेपालमा राम, सत्यनारायण, दत्तात्रय, जगन्नाथ, हनुमान, गोरेखनाथ महालक्ष्मा, दुर्गा, काली, कुमारा पञ्चलिंग इन्द्रायणा, स्वयम्भू चैत्य, वहाल, तान्त्रिक देवी देवताहरुको पजा र देवालल्यहरुको

CC-0. In Public Domain. Digitization by eGangotri

स्थापना भएका छन् । (देवमाला)

यतिमात्र व्हैन—किराती, लिच्छवी, मल्ल, शाहवंश, राणा-वंश का प्रशस्तिहरुमा पनि यिनको धार्मिकभावना, इष्टदेवता को उपासना स्पष्ट पाइन्छ । राजा सिद्धिनसिंहले आफुलाई कृष्णको पाउको धूलाले रंगिएको (कृष्णधूलिधूसरित), जयप्रकाश मल्लले रघुवंशी, हनुमान ध्वजामा भएको मानेश्वरी देवीको उपासक भनेका छन् (रघवंशावतार, हनुमत्ध्वज, श्री मानेश्वरी इष्टदेवता वरलब्ध श्री पश पतिनाथ कमल धूलि-धूसरित) । रणवहादुर शाहले कुमाउँका राजा संग परराष्ट्र सम्बन्ध जोड्दा श्री लक्ष्मी नारायण, श्री वद्रीनाथ, श्री केदार-नाथ, श्री कालिका, श्री पूर्णपीठ देवताहरुलाई साक्षी राखि-कन संस्कृतमा नै संधिपत्र गरे (इतिहास प्रकाश भाग १)

सुप्रसिध्द नेवार राजा प्रताप मल्लले रानी पोखरी बनाउँदा भारतका पवित्र नदी तथा तीर्थस्थल हरु को जल मिलाए । गंगा आदि नानातीर्थको जल, वाराणसीको जल, वैद्यनाथको गंगाजल, ज्ञानवापीको जल, सीता कुण्डको जल, प्रयाग गंगा जमुना , सरस्वती, त्रिवेणी [रानी पोखरी को शिलालेख] । नेपालका राजाहरुका समस्त आदेश संस्कृतमा नै प्राय पाइन्छन् । नेपालका उच्चपदकहरु श्री ॐपट्ट श्री राम पट्ट, त्रिशक्तिपट्ट ओजस्वी राजन्य गोर्खा दक्षिण वाहु इत्यादि छाप, टिकट, सिक्का, पल्टनको नाम [कालीप्रसाद, गोरखनाथ, भैरवनाथ] आदिमा पनि धार्मिक भावना र संस्कृतिको प्रेम झलकन्छ । हाम्रो राष्ट्रिय झंडामा पनि वेदोक्त सूर्य चन्द्राङ्कित ध्वजावाट वैदिक आर्यको भावना स्पष्ट देखिन्छ । यत्ति मात्र व्हैन, शाहकालीन नेपालले भारतका हिन्दू राजा महाराज

CC-0. In Public Domain. Digitization by eGangotri

रणजित् सिंह, मरहट्टाहरू दौलतराव सिन्धिया, मल्लाराव होल्कर, नवाव मीरखाँ कहापनि आफ्नो वकिल पृथिवी विलास र पद्मपाणि शर्मा लाई पठायो र समस्त भारतमा हिन्दूराज्य स्थापनागर्ने महान् प्रयत्न गर्‍यो । उनलाई पनि लेखे "सिख सरकार र मराठासर्कारका पैदल सिपाही, तोप वन्दूक घना भएपछि युध्दमा परमेश्वरले पनि फतह हिन्दूकै गराउनेछन" (जनरल भीमसेन थापा र तत्कालीन नेपाल)

माथिका कुराबाट थाहाहुन्छ कि किरातकाल, लिच्छवी काल, मल्ल, शाह, राणाकालका:देवी देवताहरूमा एकै नासको श्रध्दा भक्ति थियो । शैव वौध्द दुवै संप्रदाय राजा जनताहरुले दुवै देवता परस्परमा मानेको वाट हामी नेपालीहरुको उदार विचारको परिचय पाउँछौं । साच्चि भनौं भने हामी नेपालीहरुमा धार्मिक सहिष्णुतामात्र व्हैन सवै प्रकारका ईश्वर प्रति एकै नाशको श्रध्दाभक्ति Henotheim वैदिक संस्कृति अनुसार भएको पाउछौं ।

आफ्नो संस्कृति र धर्मलाई राजा र दुनियांले राम्रो संग बुझेका थिए । आजको भौतिकवादको वाढले धेरैजसो व्यक्तिहरूमा आएको अल्पदर्शिताले गर्दा आफ्नो संस्कृति र धर्म प्रति अश्रध्दा उठेको देखिन्छ । यो राष्ट्रलाई हितकर कुरा होइन । राष्ट्रको आत्मा धर्म र संस्कृति नै हो । यसको नाशले राष्ट्रको पनि नाश हुन्छ । विदेशी शक्तिहरू आफ्नो शिक्षा प्रचारको आडम्बर व्दारा संस्कृतिको मूल जरामा प्रहार गर्दछन जसले राष्ट्र स्वयं वृक्ष जस्तै ढल्दछ । अतः हामीहरूले आफ्नो संस्कृति धर्मलाई विर्स्यौं भने आफुलाई विर्सनेछौं । हाम्रो उदारता वादी विचार परम्परा को महत्व हाम्रो संस्कृतिले दर्शाएको छ र यही परम्पराको अरू राष्ट्रले पनि नक्कल गरे भने विश्व शान्तिको र मानवताको कल्याण हुन्छ ।

२८.५८ २११२८

CC-0. In Public Domain. Digitization by eGangotri

उढोको राजा-प्रजा सबै नबाफसंग सामिल हुन्छन्। फिरङ्गीका हिन्दुस्तान सिपाही जति छन्, हिन्दूको राज्य हुन्छ तिमीहरू अंग्रेजको साथ छोड़ि हामी संग सामिल हौ भनी नवाफबाट झिक्दा ऊ सिपाही पनि सामिल हुन आउन्या छन्। त्यति हुंदा गोराका पल्टन मात्र रहंदा फिरंगीको फौज पातलो पर्न्याछ।

८ सवाल- नजीमाबादमा पुग्या पछि रामपुरको नवाफ फर्रुला खाँ रोहिल्लाको आंधको मुलुक तिमीले खानु। अंग्रेजसित ह गामा गर्नु भनी गोर्खा र खाल्सा सरकारबाट खत-पत्र गया पछि ३०।४० हजार रोहिल्याहरू सामिल हुन्याछ।

१० सवाल - खाल्सा सरकार र गोर्खा सरकारबाट का-जको कमर कस्या पछि हिन्दूनामा जति येक छन् सो हिन्दूस्तानमा खडा भै सामिल हुन्याछन्। यो काज श्री पशुपतिनाथ, श्री गुरु गोरखनाथ, श्री गुरु अमरदासले पुन्याउने छन्।

११ खवाल .... यो काज पुग्या पछि .... पश्चिम तर्फ अटक लगायत खाल्साको थाना राख्नु, काबुल काश्मीर जुन जग्गा-मा हमला चल्यो गोर्खा सरकारबाट र मराठाबाट फौज गई-खाल्सा सरकारको मदद गर्नु।

१२ सवाल — खाल्सा सरकार, गोर्खा सरकार मराठाबाट काज गर्दा आफ्ना जोर माफिक भरतपुर वाला रणधोरसिंह पनि काज गर्न्यामा सामिल हुन्याछन्।

१३ सवाल .... यो सवाल लेखियाको छ यो खाल्सा सरका-मा बाँची सुनाउँदा जो कुरा मजरा (मंजूर) पन्यो सो बढिया भयो। जो मजरा परेन सो खाल्सा सरकारबाट ठहरायाको दुई सरकारको बढिया हुन्या कुरामा वखत माफिक तैले वहाँ गर्न्या कुरा वहाँ गरि यहँ लेख्न्या कुरा यहाँ लेखि पठाउनु।

(हेर्नु होस्— जनरल भीमसेन थापा र तत्कालीन नेपाल- चित्तरंजन नेपाली, पृ० १२७- १३१

प्रकाशक- आर्य सांस्कृतिक संघ, मुद्रक- वि० प्र० प्रेस, नेपाल।